Test Booklet No.
परीक्षा पुस्तिका संख्या

46193

This booklet contains 16 pages.
इस पुस्तिका में 16 पृष्ठ हैं ।

# JBC – 12A

**PAPER I / प्रश्न-पत्र I**

**PART IV & V / भाग IV & V**

**Nepali Language Supplement**

**नेपाली भाषा परिशिष्ट**

Test Booklet Code
परीक्षा पुस्तिका संकेत

**E**

**Do not open this Test Booklet until you are asked to do so.**
**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए ।**

**Read carefully the Instructions on the Back Cover (Page 15 & 16) of this Test Booklet.**
**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 15 व 16) पर दिए निर्देशों को ध्यान से पढ़ें ।**

**For instructions in Nepali see Page 2 of this booklet. / नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें ।**

## *INSTRUCTIONS FOR CANDIDATES*

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part IV (Language I) **OR** Part V (Language II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Parts I, II, III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part IV and Part V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Blue / Black Ball Point Pen only** for writing particulars on this page / marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **E**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **two** Parts, IV and V, consisting of **60** Objective Type Questions, each carrying 1 mark :
   Part IV : Language I – (Nepali) *(Q. 91 to Q. 120)*
   Part V : Language II – (Nepali) *(Q. 121 to Q. 150)*
7. Part IV contains 30 questions for Language I and Part V contains 30 questions for Language II. In this Test Booklet, only questions pertaining to Nepali language have been given. **In case the language/s you have opted for as Language I and/or Language II is a language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The languages being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part V (Language II) in a language other than the one chosen as Language I (in Part IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

## *परीक्षार्थियों के लिए निर्देश*

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं** ।
2. परीक्षार्थी भाग I, II, III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से ।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग IV व भाग V के अन्तर्गत दिए गए हैं । भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं ।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर पत्र पर निशान लगाने के लिए **केवल नीले/काले बॉल पॉइंट पेन** का प्रयोग करें ।
5. इस भाषा पुस्तिका का **संकेत** है **E**. यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, उत्तर पत्र के **पृष्ठ-2** एवं मुख्य प्रश्न पुस्तिका पर छपे संकेत से मिलता है । अगर यह भिन्न हो तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं, जो प्रत्येक 1 अंक का है :
   भाग IV : भाषा I — (नेपाली) *(प्र. 91 से प्र. 120)*
   भाग V : भाषा II — (नेपाली) *(प्र. 121 से प्र. 150)*
7. भाग IV में भाषा I के लिए 30 प्रश्न और भाग V में भाषा II के लिए 30 प्रश्न दिए गए हैं । इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से संबंधित प्रश्न दिए गए हैं । **यदि भाषा I और/या भाषा II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लीजिए । जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिएँ ।**
8. **परीक्षार्थी भाग V (भाषा II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा I (भाग IV) में चुनी गई भाषा से भिन्न हो ।**
9. रफ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें ।
10. सभी उत्तर केवल OMR उत्तर पत्र पर ही अंकित करें । अपने उत्तर ध्यानपूर्वक अंकित करें । उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है ।

SEAL

Name of the Candidate (in Capitals) : ______________________
परीक्षार्थी का नाम (बड़े अक्षरों में ) :

Roll Number (अनुक्रमांक) : in figures (अंकों में) ______________________

: in words (शब्दों में) ______________________

Centre of Examination (in Capitals) : ______________________
परीक्षा केन्द्र (बड़े अक्षरों में ) :

Candidate's Signature : ______________ Invigilator's Signature : ______________
परीक्षार्थी के हस्ताक्षर : निरीक्षक के हस्ताक्षर :

Facsimile signature stamp of Centre Superintendent ______________________

यस पुस्तिकामा 16 पृष्ठ छन् ।

# JBC – 12A

**परीक्षा पुस्तिका सङ्केत**

**E**

**प्रश्नपत्र I**

**भाग IV र V**

**नेपाली भाषा परिशिष्ट खण्ड**

**यो परीक्षा पुस्तिका तबमात्र खोल्नुहोस् जब तपाईंलाई खोल्न भनिन्छ ।**

**यो परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा (पृष्ठ 15 व 16) दिइएको निर्देश ध्यानले पढ्नुहोस् ।**

***परीक्षार्थीहरूका लागि निर्देश***

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो । ती परीक्षार्थीहरूका लागि **या** त भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषामा दिन सक्छन् तर **दुवैमा होइन** ।
2. परीक्षार्थीले भाग I, II, III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनुपर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाबाट ।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग IV र V को अन्तर्गत दिइएका छन् । भाषा परिशिष्टलाई तपाईं अलग्गै माग्न सक्नुहुने छ ।
4. यो पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पुस्तिकामा निशान लगाउनको लागि **केवल निलो/कालो बल पोइन्ट पेन** मात्रै प्रयोग गर्नुहोस् ।
5. यो भाषा पुस्तिकाको **सङ्केत E** हो । यो सुनिश्चित गर्नु कि यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तरपत्रको **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ । यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनुपर्ने छ ।
6. यो पुस्तिकामा **दुई** भाग IV र V छन्, जसमा **60** बटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन् ।

   भाग IV भाषा I (नेपाली) *(प्र. 91 – बाट प्र. 120)*

   भाग V भाषा II (नेपाली) *(प्र. 121 – बाट प्र. 150)*
7. भाग IV मा भाषा I का लागि 30 प्रश्न र भाग V भाषा II का लागि 30 प्रश्न दिएका छन् । **यदि तपाईंको भाषा I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यो भाषा सम्बन्धित परीक्षा पुस्तिका माग्नुहोस् कि यो तपाईंको आवेदनपत्रमा अङ्कित थियो ।**
8. **परीक्षार्थीले भाग V (भाषा II) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु जो उनीद्वारा भाषा I (भाग IV) मा छानिएको भाषाबाट भिन्न होस् ।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खालि स्थानमा नै गर्नुहोस् ।
10. सबै उत्तर केवल OMR उत्तरपत्रमा अङ्कित गर्नुहोस् । आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नुहोस् । उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ ।

विद्यार्थीको नाम : ______________________

अनुक्रमाङ्क : अङ्कमा ______________________

: शब्दमा ______________________

परीक्षा केन्द्र : ______________________

परीक्षार्थीको हस्ताक्षर : ______________ निरीक्षकको हस्ताक्षर : ______________

Facsimile signature stamp of
Centre Superintendent ______________________

Candidates should answer questions from the following Part only if they have opted for **NEPALI** as **LANGUAGE – I.**

# भाग IV
# भाषा I
# नेपाली

*निर्देशन : तल लेखिएको अनुच्छेद पढेर दिइएका (प्र. स. 91 - 99) प्रश्नहरूको सम्भावित विकल्पबाट छानेर सही उत्तर दिनुहोस् ।*

समय सदैव द्रुतगामी छ । समय कहिल्यै पनि कुनै पनि स्थानमा स्थिर रहँदैन । समयले कसैको विनम्र बिन्ती सुन्दैन, न कसैको आह्वानमा फर्केर आउँछ, न रोकिन्छ । समयको यस्तो कठोर आचार, व्यवहार हुँदाहुँदै पनि मनुष्यमात्रलाई समय बहुमूल्य र महत्त्वपूर्ण छ । मानिस, जसले समयको मूल्य बुझेको छ, उसले एक पल पनि समय कहिल्यै व्यर्थ फाल्दैन । सुयोगअनुसार मानिसले समयको पूर्ण व्यवहार गर्न सक्नुपर्छ । मानिसले जीवनमा जे-जति कार्य गर्नु छ, ती कामहरू उचित समयमा नै झट्ट गरिहाल्नु आवश्यक छ । जीवनको प्रत्येक क्षण मानिसले कर्तव्य पालनमा व्यय गर्नुपर्छ । समयको उचित उपयोग गर्नु नै समयअनुसार गरिएको उचित काममा सफलता प्राप्त गर्नु हो । मानिसले आफ्नो जीवनको अवधि लगातार परिश्रम गरेर वृद्धि गर्न सक्छन्, तर आलस्य गर्नाले जीवनको अवधि छोटिन्छ; जसरी उद्योग तथा उपयोगमा नल्याइएको कल-पुर्जा आफै नष्ट हुन्छ । मानिसको जीवनको दीर्घता मानिस बाँचेका वर्षहरूको गन्तीद्वारा होइन तर उसले जीवनमा गरेका सुकार्यहरूको परिमाण र परिणामद्वारा माप गरिन्छ । अधिकांश मानिसहरू आलस्यमा आफ्नो जीवनको बहुमूल्य समय व्यर्थै नष्ट गर्छन् । परिआएका सम्पूर्ण कामहरू एकैचोटि गरूँला, अहिलेचाहिँ आराम गरूँ भनी मानिसहरू उचित समयमा केही गर्दैनन् । सबै काम थाती राखेर समय नहुँदा एकैचोटि हतार-पतार गर्नुपर्दा कति दिग्दारीसाथ गरेको काम पनि असल र सफल हुँदैन । समक्षमा उपस्थित भएको समस्या तत्कालै समाधान नगरी थाती राख्ने आदत मानिसको विकृत मनोभावको परिचायक र परिणाम हो । मनुष्यको जीवनमा थति विघ्न कामहरू हुन्छन् कि हामी ती कामहरूको एक अंश पनि जीवनमा पूरा गर्न सक्तैनौं । यस्तो अवस्था र परिस्थितिमा 'समय के गरी काटूँ' भनी भन्नेहरूले आफ्नो आलस्यको विज्ञापन गरेका होइनन् भने अरू के हुन सक्छ ? मानिसमा भएका सामाजिक गुणहरू प्रदर्शन गर्ने क्षेत्र अनन्त छ, जसमा परिश्रमीभन्दा परिश्रमी मानिसको समय पनि कम सिद्ध हुन आउँछ ।

**91.** द्रुतगामी शब्दले बुझाउँछ ।

(1) चाँडो चाँडो आवागमन गर्ने

(2) चाँडो चाँडो गइरहने

(3) आफ्नै धुनमा चल्ने

(4) निरन्तर बगिरहने

**92.** समयलाई बिन्ती गर्नुपरे, कसलाई गर्नुपर्छ

(1) जसको आह्वानमा त्यो फर्केर आउँछ

(2) विनयी बनेर सुन्ने अवसरलाई

(3) बिन्ती गर्नु व्यर्थ छ

(4) सुयोग विचार गरिरहेको मनलाई

**93.** अल्छी गर्ने मानिसका जीवनको तुलना कुन कुरासँग गरिएको छ ?

(1) उसले बाँचेको जीवनको अवधिसँग

(2) उसको असफलतासँग

(3) नष्ट हुने उद्योग र व्यापारसँग

(4) प्रयोग नगरिएका उपकरणसँग

**94.** अर्थपूर्ण जीवनको मूल्याङ्कन हुन्छ

(1) मानिसका असल कामको फल र के-कति काम गरिएको छ त्यसको लेखाजोखाद्वारा

(2) अल्पकालीन जीवनको आनन्दद्वारा

(3) मानिसका सबै क्रियाकलापको विश्लेषणद्वारा

(4) मनुष्यमात्रको निम्ति महत्त्वपूर्ण समयको हिसाबद्वारा

**95.** कस्ता मानिसलाई समय कम हुन्छ ?

(1) 'समय के गरी काटूँ' भन्ने विचार भएकालाई

(2) गनगन गरिरहनेलाई

(3) परिश्रम गर्नेलाई

(4) समयबारे वक्तव्य दिनेलाई

96. 'आलस्य' कुन वर्गको शब्द हो ?
(1) गुणवाचक विशेषण
(2) जातिवाचक नाम
(3) भाववाचक नाम
(4) व्यक्तिवाचक नाम

97. अनुच्छेदको उपयुक्त शीर्षक हुन्छ
(1) समयको उद्बोधन
(2) समयको महत्त्व
(3) समयको धारणा
(4) समयको सफलता

98. काम थाती राख्ने बानीले
(1) दिग्दारीसाथ काम गर्न प्रेरित गर्छ
(2) विकृत विचारको परिचय दिन्छ
(3) छिटो-छिटो काम् गर्न सिकाउँछ
(4) मानिसको फुर्सद हुन्छ र उसले अधिक काम गर्न सक्छ

99. 'व्यवहार' का पर्यायवाची शब्दहरू हुन्
(1) आचरण, मनोभाव, बानी
(2) बानी, स्वभाव, आचरण
(3) सदाचार, मनोभाव, स्वभाव
(4) स्वभाव, आचरण, सदाचार

*निर्देशन : तल दिइएको कवितांश पढेर सोधिएका प्रश्नहरूको (प्रश्न सं. 100 – 105) उत्तर सही विकल्प छानेर दिनुहोस् ।*

बानी खराब लिइ पापकि डर् नमानी
तानी धनू कुसुमवाण ! भयेर मानी ।
सानी जनानिउपरी शर हानि हानी
हानी गरी सकिदियौ भरिलो जवानी ।।
मालीक साथ नहुँदा विरहाग्नि पाली
फाली शरीरभरका गहना फुकाली ।
खाली पडेकि छु अहाँ मन क्यै समाली
गाली नद्यौन भगवान् ! दिउँला म गाली ।।

100. पद्यांशको पहिलो चरणमा 'पापको' साटो 'पापकि' शब्दको प्रयोग यसकारण भयो
(1) पाप शब्द स्त्रीलिङ्गी भएकाले
(2) छन्द निर्वाहका निम्ति
(3) कविलाई हिज्जेको ज्ञान नभएकाले
(4) शब्दको अघि 'लिइ' शब्द परेकाले

101. पद्य कुन छन्दमा लेखिएको छ ?
(1) इन्द्रवज्रा
(2) उपेन्द्रवज्रा
(3) वसन्ततिलका
(4) वंशस्थ

102. 'तानी धनू कुसुमवाण ! भयेर मानी' — यहाँ कुन अलङ्कार परेको छ ?
(1) उपमा
(2) यमक
(3) दीपक
(4) रूपक

103. विरहाग्नि भन्नाले बुझिन्छ
(1) विरहको आगो
(2) विरहको गीत गाउने एक किसिमको चरो
(3) विरह भोग्नु
(4) एउटा लौकिक राग विशेष

104. 'शर' कस्तो शब्द हो ?
(1) तद्भव
(2) तत्सम
(3) आगन्तुक
(4) देशीय

105. उपर्युक्त पद्यको तात्पर्यले बुझाउँछ
(1) जवान स्त्रीको अभद्र कर्म
(2) विधवाको पुकार
(3) नराम्रो कार्यको परिणाम नराम्रै हुन्छ
(4) प्रेमीवियोगको विलाप

*निर्देशन : सही विकल्प छानेर निम्नलिखित प्रश्नहरूको उत्तर लेख्नुहोस् ।*

**106.** "रचनात्मक पठन" का उदाहरण हुन्

(1) विषयको अधिक सूचनाका निम्ति पुस्तकालयमा गरिएको सम्बन्धित कार्य

(2) सम्बन्धित सूचनाका निम्ति इन्टरनेटको प्रयोग

(3) नाट्य-रूपान्तरण, भूमिका अभिनय अनि भिन्न दृष्टिकोणबाट पुनर्लेखन

(4) तात्पर्यका निम्ति पठन

**107.** 'सर्सर्ती पढाइ' भनेको के हो ?

(1) पाठमा निहित सामान्य विषय, विचार वा सार फेला पार्न द्रुत प्रकारको पाठ हेर्नु

(2) असान्दर्भिक विवरण छोडेर, सही सूचना प्राप्त गर्नका निम्ति पाठको तीक्ष्ण अवलोकन

(3) सान्दर्भिक विषयको पाठ्य रूपबाट लेख्य रूपमा रूपान्तरण

(4) पढ्दा पढ्दै विषयको विचार पक्ष, प्रयोग र संरचनाबारे मूल्याङ्कन गर्नु

**108.** 'पाठ सङ्गति' भन्नाले बुझिन्छ

(1) कथाको वाचन सुहाउँदो अनुच्छेदहरूको सङ्गठन

(2) कुनै अनुच्छेदमा युक्तिपूर्वक सामग्री प्रस्तुत गर्ने विधि

(3) लामो, लगातार किसिमले यादृच्छिक सूचनाहरूको समुच्चय लेख्नु

(4) अनुच्छेद/वाक्यहरूका माझको सम्बन्ध स्थापित गर्न सर्वनाम, संयोजक वा पर्यायवाचीको प्रयोग गर्नु

**109.** 'वास्तविक श्रवण' ले बुझाउँछ

(1) कार्यका निम्ति आवश्यक विशेष सूचनाका निम्ति ध्यानपूर्वक सुन्नु

(2) श्रवण अवधिको त्यो अवस्था जब श्रवणकर्ताले कार्य पूर्ण गर्दछ

(3) बोलिएका वा रेकर्ड गरिएका वास्तविक संवादहरू सुन्नु

(4) शिक्षकद्वारा चर्को स्वरले पढिएको अर्ध-लिपिकृत वा स्वतःस्फूर्त भाषण सुन्नु

**110.** कुन विशेषताले लेख्नुलाई बोल्नुबाट छुट्ट्याउँछ ? पहिलोमा

(1) आधिक्य वा पुनरावृत्ति हुँदैन

(2) धाराप्रवाहमा आधारित क्रियाकलापको आधिक्य हुन्छ

(3) व्याकरणिक संरचनाको सही प्रयोग गरिएको हुँदैन

(4) साधारणतः अन्त खुला रहन्छ

**111.** अङ्ग्रेजी भाषा कक्षामा 'वाक् विनिमय' भन्नाले बुझिन्छ

(1) नअड्कीकन स्वतःस्फूर्त अनि आत्मविश्वासका साथ भाषा प्रयोग गर्नु

(2) श्रोताको प्रतिक्रियाअनुसार भाषा अनुकूल पार्ने आवश्यकता

(3) कसैको कथ्य वा लिखित विनिमयका परिणामबारे दिइएको सूचना

(4) एकालाप वा औपचारिक वार्ताको विरुद्धमा रहेको संवाद

**112.** सिकारुहरूको वाक् क्षमताको विकासका निम्ति 'ध्वनि अनुक्रम' को प्रयोग कसरी गरिन्छ ?

(1) रेकर्ड गरिएका ध्वनिहरूको शृङ्खला सुनेपछि विद्यार्थीहरूलाई त्यसको अर्थ खुलस्त पार्न वा कथाका रूपमा बयान गर्न लगाएर

(2) वाक्-क्रियाकलापसँग समाकलित गराउँदै उद्देश्यपूर्ण श्रुतिलेखन (डिक्टेसन) दिएर

(3) वाक्-क्रियाकलाप बढाउन तिनीहरूमाझ कार्टुनहरू वा अन्य दृश्य उपादानहरूको प्रयोग गरेर

(4) विद्यार्थीहरूलाई खुला तथ्य/वाक्यांशहरूको विशेषतामा आधारित उनीहरूको कथाप्रतिको विवरण दिन लगाएर

**113.** एकालापहरूका माध्यमले निर्धारित 3 वटा उप-कौशलहरू हुन्

(1) इसारा, वक्ताको अनुमान, वक्ताको हाउभाव

(2) तान, स्वर-वैशिष्ट्य, गति

(3) स्वर-वैशिष्ट्य, शैली, वक्ताको हाउभाव

(4) वक्ताको अनुमान, तान, प्रसङ्ग

114. 'आर्जन – कमसल परिवेश' त्यो हो जहाँ

(1) हिन्दी/मातृभाषा सम्पर्क भाषा हुन्छ

(2) अङ्ग्रेजी भाषाप्रतिको पहुँच कक्षामा वाधित सुन्छ

(3) घरमा अङ्ग्रेजी भाषा पटक्कै बोलिँदैन

(4) कुनै किसिमको सुलभता तपाईंका विद्यार्थीलाई प्राप्त हुँदैन

115. 'बोध शैली' का प्रकारहरू कुन युग्ममा संघटित छन् ?

(1) प्रतियोगात्मक/सहयोगात्मक

(2) व्याख्यात्मक/शाब्दिक

(3) सक्रिय/निष्क्रिय

(4) क्षेत्र निर्भरता/क्षेत्र अनिर्भरता

116. सोधखोज आधारित ज्ञान [Enquiry Based Learning – EBL] भन्नाले बुझिन्छ

(1) योजनाबद्ध प्रस्तुति र क्षमताको अभ्यास अनि विषयको ज्ञान

(2) अर्थपूर्ण पाठ्यक्रम जस्तै उद्देश्यपरक-कार्यपरक पाठ्यक्रम

(3) निर्देशात्मक कार्यनीति जसअन्तर्गत विद्यार्थीहरू सहयोगात्मक समस्या समाधान गर्छन् अनि उनीहरूको अनुभव व्यक्त गर्छन्

(4) सिद्धान्त जुन भाषा-ज्ञानको पद्धतिका रूपमा चिनिन्छ

117. भाषा सिकाइमा यस समयलाई 'विवेचनात्मक अवधि' मानिन्छ

(1) त्यो अवधि जतिबेला अरूबेलाभन्दा अधिक सहजतासँग भाषा अधिग्रहण गर्न सकिन्छ

(2) कक्षामा गरिने विस्तृत मूल्याङ्कनभन्दा अधिको समय-अवधि

(3) कुनै भाषाको कार्ययोजनाका निम्ति सर्वोत्तम आभ्यासिक अवधि

(4) विद्यार्थीहरूका निम्ति गहनतासँग भाषा-प्रयोगको अभ्यासका निम्ति छुट्ट्याइएको विशेष समय

118. सारांश-लेख्न चाहिने दुईवटा दक्षता हुन्

(1) शब्दका साटो सङ्केतहरूको प्रयोग, सही ढङ्गले लेख्नु

(2) आफ्नै शब्दमा पाठको पुनर्लेखन गर्नु, पर्यायवाचीको प्रयोग

(3) प्रमुख तथा सामान्य बुँदाहरू चिह्नित गर्नु, विचारहरूको श्रेणीबद्ध सङ्गठ खुट्ट्याउनु

(4) सही ढङ्गले लेख्नु, संयोजकहरूको प्रयोग गर्नु

119. 'कालका रूपहरू' माझ भिन्नता छुट्ट्याउनका निम्ति विद्यार्थीलाई परेको असुविधामा पुनः मध्यस्थता हुन् सक्छ

(1) केही वाक्यका रूपहरूको अभ्यास गर्न प्रशस्त अवसर दिइनु

(2) विद्यार्थीहरूले आफै वाक्य-रचना गर्नु अनि त्यस समयमा शिक्षकले मार्गदर्शन गर्नु

(3) कक्षाबाहिर पनि संरचनात्मक रूपहरूबारे अध्ययन गरिनु

(4) सिकारुहरूले सहयोगात्मक किसिमले जीवनका वास्तविक स्थितिहरूको विविधताका आधारमा संरचनाको अभ्यास गर्नु

120. CCE को थालनीले

(1) नियमित रूपमा विद्यार्थीहरूको मूल्याङ्कन हुन्छ

(2) विद्यार्थीहरूले विविध क्रियाकलापको आनन्द लिन सक्छन्

(3) शैक्षिक क्षेत्रमा अझ बढी भार थप्न सकिन्छ

(4) शिक्षकहरूले विद्यार्थीहरूमाथि अझ बेसी नियन्त्रण राख्न सक्छन्

Candidates should answer questions from the following Part only if they have opted for **NEPALI** as **LANGUAGE – II.**

# भाग V
# भाषा II
# नेपाली

*निर्देशन : तलको अनुच्छेद पढेर दिइएका (प्र. स. 121 – 129) प्रश्नहरूको सम्भावित विकल्पबाट छानेर सही उत्तर दिनुहोस् ।*

अन्तरिक्षतिर हेर्न र सोच्न थालेदेखि नै हाम्रो संस्कृतिले एक नवीन काँचुली फेरिसकेको छ । गुरुत्वाकर्षण जित्नुअघि नै हाम्रा समाजका केही अङ्गमा प्रक्रिया आरम्भ भइसकेको छ । वैज्ञानिक गल्पको रचना तथा उडनतस्तरी देखा परिसके, तिनमा वाहनाको तिखी मेट्ने प्रयास छ । चाहे त्यसलाई हामी भूतप्रेत वा बोक्सीकै विगत प्रक्रियासँग दाँजौं अहिलेलाई । चन्द्रमा वरिपरि रहेको एलेन्ट्रोनको घनता वा जोवियन वातावरणको खोजी गर्ने व्यक्ति मुठीमा अटाउनेछन् । हुन त, राष्ट्रको भाग्यको निर्णय पनि त्यही खोजमा निर्भर रहनेछ र कैयन् त्यसको निवारणपट्टि पनि लाग्लान् । तापनि यो मस्तिष्कको विषय हो, मुटुको होइन । सभ्यताको आदर उनको बौद्धिक उपलब्धिका निम्ति गरिन्छ, तिनप्रति प्रेम वा घृणा उनका कलाकृतिका लागि गरिन्छ । अन्तरिक्षबाट कस्तो कला पृथ्वीमा ओर्लिने हो, के त्यसको सुइँको छ हामीलाई आज ? साहित्य नै लिऊँ पहिले । कारण कुनै पनि सभ्यता स्पष्ट रूपमा समकालीन साहित्यमा प्रतिबिम्बित हुन्छ । सङ्गीत तथा चित्रकलामा अन्तरिक्ष उडानको असर कस्तो होला ? त्यो पनि कल्पना गर्न गाहारो छ अहिले । हाल आफ्नो भावना व्यक्त गर्न तयार भएका क्यानभासको प्रवृत्तिका आधारमा केही भन्न भने सकिन्छ । एलेक्ट्रोनिक कम्प्युटरले सङ्गीत-रचना गरेको देख्दा आशा गर्न सकिन्छ केही वर्षपछि त्यो सङ्गीत हामी बुझ्न मन पराउन सकौंला । हाम्रो सौन्दर्य-विवेचना वरिपरिका वस्तुको मापदण्डमा आधारित छन् । विश्वमा अन्य कुनै ग्रहमा निलो आकाश र समुद्र छैन । हरियो घाँस कहाँ पाउनु, यो पहाडपर्वत, नदी, नाला र एउटै चन्द्रमा कहाँ पाउनु ? विश्वमा अन्त कतै गुराँस र आलुबखडा कहाँ पाउनु ? जे पाए पनि ती भिन्न हुनेछन् ! हुन सक्छ त्यो अस्वाभाविक वातावरणसँग अभ्यस्त हुँदै गएपछि सौन्र्यबारे हाम्रो परिभाषा पनि बद्लियोस् । यिनै अनन्त सम्भावनाहरू अज्ञातका अनन्त भण्डार हुन् ।

**121.** 'संस्कृतिले नवीन काँचुली फेरेको' – पदावलीले बुझाउँछ

(1) पुरानो विचारको विश्लेषण

(2) सांस्कृतिक परिवर्तन

(3) नयाँ र पुरानोको द्वन्द्व

(4) सांस्कृतिक अतिक्रमण

**122.** भूतप्रेत र बोक्सीको प्रक्रियामा कुन पक्ष लक्षित भएको छ ?

(1) लोकसांस्कृतिक धारणासित विज्ञानको तुलना

(2) अन्धविश्वास र विज्ञानमाझको अन्तर

(3) परम्पराको खण्डन

(4) वैज्ञानिक चमत्कारको विश्लेषण

**123.** 'सौन्दर्य-विवेचना वरिपरिका वस्तुको मापदण्डमा आधारित छन्' – भनाइले लक्षित गर्छ

(1) पारस्परिक सम्बन्ध

(2) वस्तुको मूल्य र महत्त्व

(3) सौन्दर्यको विवरण

(4) सापेक्षिकता

**124.** वैज्ञानिक अध्ययन र अन्वेषण अधिक सम्बन्धित छ

(1) हृदय र संवेदनासित

(2) अन्तरिक्षमा सम्भावित कलाप्रेमसित

(3) राष्ट्रको भाग्य-निर्णयसित

(4) बौद्धिकतासित

**125.** सौन्दर्यबारे परिभाषा बद्लिने सम्भावना रहन्छ

(1) जब सौन्दर्यको परिभाषा स्पष्ट हुन्छ

(2) जब नदी, नाला, चन्द्रमा, गुराँस, आलुबखडाको कुरा गरिन्छ

(3) जब नवीन परिवेशका संसर्गमा अभ्यस्त भइन्छ

(4) जब सुन्दर वस्तुको अभाव हुन्छ

126. यथार्थताको स्पष्ट चित्र पाउन सकिन्छ

(1) यथार्थताप्रति प्रेम र घृणा भएका कलाकृतिमा

(2) सङ्गीत तथा चित्रकलामा

(3) वातावरणसम्बन्धी लेखकको धारणामा

(4) समकालीन साहित्यमा

127. 'निलो आकाश', 'अस्वाभाविक वातावरण' र 'हाम्रो परिभाषा' पदावलीमा भएका 'निलो', 'अस्वाभाविक' र 'हाम्रो' पदहरूमा समानता छ, कसरी ?

(1) सबै झर्रा शब्द हुन्

(2) सबै एउटै शब्दवर्गअन्तर्गत पर्छन्

(3) सबै तत्सम शब्द हुन्

(4) सबै प्रत्यय जोडिएका छैनन्

128. 'नदी' शब्दका पर्यायवाची हुन्

(1) तटिनी, धारावती, सरिता

(2) सरिता, सगर, तरङ्गिनी

(3) सगर, धारावती, सरिता

(4) धारावती, तटिनी, जलाशय

129. 'विश्व' नाम शब्द हो, यसबाट बनिएको विशेषण हुन्छ

(1) विश्वजनीनता

(2) वैश्विक

(3) विश्वास

(4) विश्वासी

*निर्देशन : तलको अनुच्छेद पढेर दिइएका (प्र. स. 130 – 135) प्रश्नहरूको सम्भावित विकल्पबाट छानेर सही उत्तर दिनुहोस् ।*

इतिहास केवल घटनाहरूको इतिवृत्त होइन, घटनाको व्याख्या इतिहासको धर्म हो । थाकैथाक अनियोजित पहाड र सगर छुने धवल हिमालय कुनै एउटा असीम, अनन्तको भाका साउती गरेर उभिरहेको लागे पनि ती पहाडहरूमा कहिले वसन्तको हरियो छाउँछ र कहिले ती हिउँदको रुखो खैरोपन ओड्छन् । उत्तुङ्ग शिखरहरूमा काल परिवर्तनका रङ्गहरू टाँसिन्छन्, बनिँदै जान्छ समयको यात्रु मान्छेको इतिहास । कालसँग पौँठेजोरी खेल्दै, आकांक्षा र अपेक्षाको, प्राप्ति र अप्राप्तिको फाँटवारी सजाउँदै समय र सन्तति बढ्दछन्; इतिहासले कहिल कैफियतको फुटनोट लेखिदिन्छ, किन भएको थियो । कार्य-कारणको सम्बन्ध स्थापित गर्नु इतिहासको धर्म हो । यसैले इतिहासले के भएको थियो, कहिले भएको थियो मात्र नभनेर किन र कसरी भएको थियो भन्ने कुरा खुलाउनु पर्छ । इतिहासलाई सर्वमान्य एउटा तथ्य बनाउनका निम्ति इतिहासकारले धेरै कसरत गर्नुपर्ने हुन्छ । दस्तावेजीकरण र घटनासित सम्बद्ध कथाहरूलाई सत्यापित गर्नका निम्ति गरिने अनुसन्धान इतिहास लेखनका अपरिहार्य तत्त्वहरू हुन् । इतिहासमा 'काल' एउटा प्रमुख थोक हो । भएका घटनाहरूका विवरणलाई निश्चित कालखण्डहरूमा विभाजन गरेर अध्ययन गरिएमा इतिहास घटनाहरूको क्रमबद्ध र सुनियोजित विवरण बन्दछ । देश, समाज र प्रशासनबारे लेखिएका इतिहास हामीले पढेका छौं । लोकमा प्रचलित मौखिक इतिहासलाई भने हेला-होचो गर्ने प्रवृत्तिका कारण इतिहासका धेरै मूल्यवान रेकर्डहरू हराएर गएका छन् ।

130. इतिहास भनेको

(1) घटनाको व्याख्या र कार्य-कारण सम्बन्धको विवेचना हो

(2) कैफियतको फुटनोट लेखिदिने विवरण हो

(3) दस्तावेजीकरण र घटनाको इतिवृत्त हो

(4) कालविभाजनको सुनियोजित परिकल्पना हो

131. इतिहास-लेखनका निम्ति आवश्यक छ

(1) थाकैथाक अनियोजित कुराहरू सुनियोजित पार्नु

(2) प्रशासनबारेका प्रशंसायोग्य कार्यको खोजी गर्नु

(3) कथाको विश्लेषण गरी निष्कर्ष निकाल्नु

(4) दस्तावेजीकरण गर्नु र सम्बद्ध घटनाहरूबारे अनुसन्धान गर्नु

132. घटनाको सुनियोजित र क्रमबद्ध विवरणका निम्ति
   (1) मौखिक इतिहासबाट सामग्री सङ्कलन गर्नुपर्छ
   (2) कालसँग पौँठेजोरी खेल्दै अपेक्षाको पूर्ति गर्नुपर्छ
   (3) घटना र विवरणलाई कालखण्डमा विभाजित गर्नुपर्छ
   (4) घटनामा के भयो भनेर चिन्तन गर्नुपर्छ

133. ऐतिहासिक क्रममा मान्छे
   (1) प्राप्तिमा रमाउने वसन्तको कोकिल हो
   (2) साउती गर्दै उभिएको अप्रामाणिक विषय हो
   (3) अप्राप्तिको फाँटवारी सजाउने योद्धा हो
   (4) समयको यात्री हो

134. कार्य-कारण सम्बन्धको अवधारणा
   (1) लोक प्रचलित धारणा हो
   (2) वैज्ञानिक धारणा हो
   (3) अवैज्ञानिक धारणा हो
   (4) ऐतिहासिक विवेचनाको निराधार प्रामाणिकता हो

135. 'काल' कस्तो शब्द हो ?
   (1) जातिवाचक नाम
   (2) परिणामबोधक क्रिया-विशेषण
   (3) भाववाचक नाम
   (4) सामान्य वर्तमानकाल बुझाउने पद

*निर्देशन : सही विकल्प छानेर निम्नलिखित प्रश्नहरूको उत्तर लेख्नुहोस् ।*

136. भाषिक अधिग्रहणमा
   (1) आवश्यक शब्दहरूको प्रयोग अनि कण्ठस्थता समावेश हुन्छ
   (2) योजनाबद्ध तरिकाले व्याकरणको विश्लेषण तथा रचनाका साथै शब्दहरूको कण्ठस्थता पनि समावेश हुन्छ
   (3) मानव मस्तिष्कको जन्मजात योग्यताका अनुसार मातृभाषावा दोस्रो भाषा सिक्ने प्रक्रिया बुझाउँछ
   (4) परिवेशको अनुकरण गर्न अभिप्रेरित गर्ने एउटा तरिका हो जहाँ नानीहरू तिनीहरूको मातृभाषा सिक्छन्

137. नोअम चोम्स्कीले उल्लेख गरेको 'गहन संरचना' भन्नाले बुझिन्छ
   (1) गहन अध्ययनका माध्यमले सिकिने व्याकरणिक नियमहरूको अप्रत्यक्ष समुच्चय
   (2) रूपान्तरणपरक व्याकरण जसले तुलनात्मक भाषाविज्ञानप्रति रुचि बढाएको छ
   (3) अङ्ग्रेजी संसारको सबैभन्दा साझा सहायक भाषा हो भन्ने अभिप्राय
   (4) सबै भाषाहरू अन्तर्भुक्त हुने मानव मस्तिष्कको जन्मजात योग्यतासम्म पुग्ने सार्वभौम व्याकरण

138. पाठ्यक्रमको 'बटम अप मोडल' भनेको त्यो हो जहाँ
   (1) पाठ्यक्रमलाई सिकारु सहचारी बनाउन सफ्टवेयरको समुच्चयमा आधारित सिकाइ
   (2) गरेर सिक्न प्रोत्साहित गर्ने अनि पाठ्य गतिविधिको विस्तारित चयनसँगै विद्यार्थीको गतिशीलतालाई मुक्तता प्रदान गर्ने पाठ्यक्रम
   (3) जीविका-वृत्तिसम्म काम लाग्ने किसिमको सिक्ने प्रक्रिया
   (4) विद्यार्थीहरूमा अप्रत्यक्ष प्रभावको संलग्नता रहेको आवश्यकताअनुरूप दूरशिक्षा

139. मानवकेन्द्रित तरिकामा आधारित अध्ययन विशेष रूपले सामाञ्जस्य राख्छ
   (1) शैक्षणिक ज्ञानानुशासनहरूका सबै विशेष लक्षणहरूसहितको विज्ञता
   (2) सिकिएका संरचना, विषय, धारणा र सिद्धान्तहरूको नयाँ स्थितिहरूमा प्रयोग
   (3) प्रक्रिया जसले विद्यार्थीहरूलाई उनीहरू आफैले संरचनाहरू पत्तो लगाउन सक्ने योग्य बनाउँछ
   (4) प्रक्रिया, जहाँ क्रमलाई कसरी सम्बन्धित विषयहरू प्रस्तुत गर्ने भन्ने कुराका साथ पढाइन्छ

**140.** 'विशेष आवश्यकीय कक्षा' को आदर्शले बुझाउँछ

(1) अनन्य किसिमले सजाइएको

(2) अलग्गै स्थित

(3) सबै प्रकारका सिकारुहरू सङ्गठित पार्ने

(4) नियमित शिक्षकहरूको सहयोग गर्न अतिरिक्त शिक्षकहरू हुनु

**141.** पूर्व-पठन गतिविधिको उद्देश्य के हो ?

(1) नयाँ शब्दहरू सिकाउनु

(2) विद्यार्थीहरूको ज्ञान बढाउनु

(3) पाठबारे अभिरुचि जाग्रत गराउनु

(4) रुचिपूर्वक सिक्ने अनुभव उपलब्ध गराउनु

**142.** 'कहिले हरेस नखाने मनोभाव' को विकास गराउनका निम्ति उपयुक्त क्रियाकलाप त्यो हो जब विद्यार्थीहरू

(1) दुईवटा प्रचलित गीत गाउँछन् अनि उनीहरूका कला-कौशल अभिभावक-शिक्षकका सभामा प्रदर्शित गर्छन्

(2) उनीहरूको पाठ योजनालाई परिवर्तन गर्छन् र पुनःपरीक्षण गर्छन् दूरगामी हुने गरी उत्कृष्ट ढङ्गमा त्यसको प्रयोग गर्छन् साथै उनीहरूको प्राप्ति परिणाम एका-अर्कामा बाँड्दछन्

(3) विद्यार्थीहरूले जीवनमा भोग्नु परेका अप्ठ्यारा स्थितिहरूबारे समूहमा बसेर लेखाचित्र कोर्दछन्

(4) अङ्ग्रेजी कक्षाको समयमा प्राचार्यबाट बाहिर गई खेल्ने अनुमति पाउन सफल बन्छन्

**143.** प्रारम्भिक स्तरमा पढाइको मूल्याङ्कन प्रभावकारी ढङ्गमा यस माध्यमद्वारा गर्न सकिन्छ

(1) शब्दको अर्थ अनि अभिव्यक्तिमा आधारित प्रश्नोत्तरी

(2) कथा/पाठका चरित्र तथा घटनाहरूमा आधारित लिखित परीक्षा

(3) उनीहरूले कति पढेका छन् भन्ने कुरा बुझ्न मौखिक अन्तर्वार्ता

(4) एउटा सानो कार्ययोजनाका रूपमा 50 शब्दमा लेखिएको किताब/पाठको समीक्षा

**144.** पाठ्यक्रम-निर्माणमा यी क्रम रहन्छन्

(1) वस्तुनिष्ठताको प्रतिपादन, अनिवार्यताको निरीक्षण, पाठहरू/शिक्षागत अनुभवहरूको चयन, मूल्याङ्कन

(2) पाठहरू/शिक्षागत अनुभवहरूको चयन, अनिवार्यताको निरीक्षण, वस्तुनिष्ठताको प्रतिपादन, मूल्याङ्कन

(3) अनिवार्यताको विश्लेषण, वस्तुनिष्ठताको प्रतिपादन, पाठहरूको चयन/शिक्षागत अनुभवहरू/निरीक्षण

(4) वस्तुनिष्ठताको प्रतिपादन, अनिवार्यताको निरीक्षण, मूल्याङ्कन, पाठहरू/शिक्षागत अनुभवहरूको चयन

**145.** सिकारुहरूलाई प्रतिनिधिमूलक अनुभव प्रदान गर्ने माध्यम हुन्

(1) वास्तव विषय-वस्तु अनि नमुनाहरू

(2) भाववाचक शब्दहरू, केस स्टडी

(3) प्रदर्शनी बोर्ड, फिल्म क्लिप्स

(4) क्षेत्र भ्रमण, पर्यवेक्षण

**146.** कम्प्युटर एडेड इन्स्ट्रक्सन [CAI] मा 'साइमुलेसन मोड' त्यो हो जहाँ सिकारुहरू

(1) जीवनका वास्तविक व्यवस्था तथा अवयवहरूको अनुभव गर्छन्

(2) सूचनाका अंशहरू सँगै प्रश्नहरू र त्यसको तत्काल फिडब्याक प्राप्त गर्छन्

(3) दोहोऱ्याउने अभ्यासका साथ कार्यहरूको शृङ्खला

(4) समस्यामा पर्छन् जसको समाधान परीक्षण तथा गल्तीको प्रक्रियाबाट गरिन्छ

**147.** श्रवण उद्दीपन (Listening stimulus)

(1) भिन्न-भिन्न समूहका विद्यार्थीहरूलाई इन्पुट्स प्रदान गर्छ जो आफूले सुनेका कुराहरू साटासाट गर्न फेरि भेला हुन्छन्

(2) दिशा-निर्देश गर्ने जस्ता सूचना रिक्तता क्रियाकलाप प्रदान गर्दछ

(3) निरूपण गर्नका लागि एउटा राम्रो व्याख्या सुन्नु हो

(4) कार्य सिद्ध्याउन अनि प्रस्तुत गर्नका लागि विद्यार्थीहरूलाई सुन्न समर्थ बनाउँछ

**148.** वाक्पटुता मूल्याङ्कनका समयमा अन्तरक्रियात्मक कार्य तालिकामा समावेश हुन्छन्

(1) अर्थहरूको विवेचना गर्नु, आफ्नो पालो लिनु र अरूलाई पनि पालो दिनु

(2) आफ्नो स्कुलको विवरण वा त्यसको परिवेशबारे अनौपचारिक विवरण दिनु

(3) अर्को व्यक्तिसित टेलिफोन वार्ता गर्नु

(4) मूल्याङ्कनकर्ता सामु दुईवटा वा दुईवटा भन्दा बेसी वस्तु/स्थान/घटना आदिको तुलना गर्नु

**149.** लेखनमा सुधारका दक्षताहरू छन्

(1) नोट तयार गर्नु अनि नोट लिनु

(2) आरेख बनाउने काम अनि सार निकाल्ने काम

(3) व्यापक सन्दर्भ कार्य गर्ने योग्यता

(4) पढिरहेको/सुनिरहेको बेला सूचनाहरू सङ्गठित पार्नु

**150.** सचेतता जगाउने व्याकरण खेलले विद्यार्थीहरूलाई प्रेरित गर्छ

(1) उनीहरूले सिकेका संरचनाहरूबारे सचेतताका साथ विचार गर्न

(2) दिइएका क्रियाकलाप सम्पन्न गर्न सहयोगिता गर्न

(3) शिक्षकले संरचनाहरूको निरीक्षण गरेको समयमा व्यस्त रहन र अर्थबारे विचार गर्न

(4) दिइएको कुनै प्रसङ्गबारे सिकेका संरचनाहरू एका-अर्कासित आदान-प्रदान गरी प्रयोग गर्न

# SPACE FOR ROUGH WORK

*तल दिइएको निर्देशन ध्यानले पढ्नुहोस*

1. OMR को दोस्रोपातोमा दिइएका चार वैकल्पिक प्रश्नहरूमध्ये केवल एउटा शुद्ध उत्तरलाई निलो/कालो बलपेनले कालो पार्नुहोस् । एकपटक उत्तर कालो पारेपछि त्यसलाई सच्याउन पाइने छैन ।
2. परीक्षकले उत्तर पुस्तिका पल्टाइ वा भाँचभुच गर्न पाउने छैनन् । कुनै पनि उत्तरमाथि कोरकार नगर्ने । निर्दिष्ट गरेबाहेक अन्यत्र कतै आफ्नो रोलनम्बर नलेख्ने ।
3. परीक्षा पुस्तिकालाई विशेषरूपले ध्यान दिनु । कुनै कारणवश परीक्षा पुस्तिका यताउता परे मात्रै अर्को परीक्षा पुस्तिका दिइने छ ।
4. परीक्षार्थीले दिइएको परीक्षा पुस्तिकामा कोड नम्बर आदि सही ढङ्गले लेख्नुपर्ने छ ।
5. परीक्षार्थीले परीक्षाको समयमा कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामाग्री आदि ल्याउन पाउने छैनन् ।
6. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेशपत्र देखाउनुपर्ने छ ।
7. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोडन सक्ने छैनन् ।
8. परीक्षार्थीले उत्तर पुस्तिका नबुझाएसम्म परीक्षा भवन छोडन पाउने छैनन् । परीक्षा भवन छोड्नु अधि निरीक्षकपत्र, उपस्थितिपत्र आदिमा हस्ताक्षर गर्नुपर्नेछ ।
9. कुनै पनि विद्युतीय उपकरण राख्न निषेध छ ।
10. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्णरूपले पालन गर्नुपर्ने छ । कुनै तरीकाले नियम उलङ्घन भएमा बोर्डको नियमअनुसार दण्डको व्यवस्था गरिने छ ।
11. प्रश्न पुस्तिकाको कुनै खण्ड च्यात्न वा फटाउन पाइने छैन ।
12. **परीक्षाको समाप्तिपछि परीक्षार्थीले सबै प्रकारले उत्तर पुस्तिका परीक्षकलाई बुझाउनुपर्ने छ तब मात्रै परीक्षा भवन छोडन पाइने छ । परीक्षार्थीले कुनै पनि उत्तर पुस्तिका साथमा लान पाउने छैनन् ।**

**READ CAREFULLY THE FOLLOWING INSTRUCTIONS :**

1. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with Blue/Black Ball Point Pen on Side-2 of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
2. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
3. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
4. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet / Answer Sheet in the Attendance Sheet.
5. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the examination hall/room.
6. Each candidate must show on demand his / her Admission Card to the Invigilator.
7. No candidate, without special permission of the Superintendent or Invigilator, should leave his / her seat.
8. The candidates should not leave the Examination Hall without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where a candidate has not signed the Attendance Sheet a second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case.
9. Use of Electronic / Manual Calculator is prohibited.
10. The candidates are governed by all Rules and Regulations of the Board with regard to their conduct in the Examination Hall. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Board.
11. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
12. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Room / Hall. *The candidates are allowed to take away this Test Booklet with them.***

**निम्नलिखित निर्देश ध्यान से पढ़ें :**

1. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर पत्र के पृष्ठ-2 पर केवल एक वृत्त को ही पूरी तरह नीले/काले बॉल पॉइन्ट पेन से भरें । एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है ।
2. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ । परीक्षार्थी अपना अनुक्रमांक उत्तर पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें ।
3. परीक्षा पुस्तिका एवं उत्तर पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर पत्र के संकेत या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी ।
4. परीक्षा पुस्तिका / उत्तर पत्र में दिए गए परीक्षा पुस्तिका संकेत व संख्या को परीक्षार्थी सही तरीके से हाज़िरी-पत्र में लिखें ।
5. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश कार्ड के सिवाय किसी प्रकार की पाठ्य सामग्री, मुद्रित या हस्तलिखित, काग़ज़ की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है ।
6. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-कार्ड दिखाएँ ।
7. अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें ।
8. कार्यरत निरीक्षक को अपना उत्तर पत्र दिए बिना एवं हाज़िरी-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल नहीं छोड़ेंगे । यदि किसी परीक्षार्थी ने दूसरी बार हाज़िरी-पत्र पर हस्ताक्षर नहीं किए तो यह माना जाएगा कि उसने उत्तर पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा ।
9. इलेक्ट्रॉनिक / हस्तचालित परिकलक का उपयोग वर्जित है ।
10. परीक्षा-हॉल में आचरण के लिए परीक्षार्थी बोर्ड के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं । अनुचित साधनों के सभी मामलों का फैसला बोर्ड के नियमों एवं विनियमों के अनुसार होगा ।
11. किसी हालत में परीक्षा पुस्तिका और उत्तर पत्र का कोई भाग अलग न करें ।
12. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी कक्ष / हॉल छोड़ने से पूर्व उत्तर पत्र कक्ष-निरीक्षक को अवश्य सौंप दें । *परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं ।***

SEAL